सूर्यविनायक नगरपालिका, नगरसभाको १८औं अधिवेशनको पहिलो बैठक (मिति २०८२ असार ०६ गते)

प्रस्तावहरु:

१. आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम छलफल तथा निर्णयार्थ प्रस्तुत गर्ने सम्बन्धमा ।

२. आर्थिक वर्ष २०८२/०८३ को आर्थिक विधेयक, २०८२ पेश गर्ने सम्बन्धमा।

३. नगर प्रहरी (गठन, सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८२ पेश गर्ने सम्बन्धमा।

४. भवन निर्माण (नक्सापास, नियमित तथा अभिलेखीकरण) विधेयक, २०८२ पेश गर्ने सम्बन्धमा।

५. नगरपालिकाको केहि ऐन संशोधन गर्न बनेको विधेयक, २०८२ पेश गर्ने सम्बन्धमा।

६. मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८२/०८३ - २०८४/०८५) MTEF पेश गर्ने सम्बन्धमा।

७. आर्थिक सर्वेक्षण, २०८१ पेश गर्ने सम्बन्धमा।

८. विभिन्न समितिका वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।

(क) राजश्व परामर्श समिति

(ख) सार्वजनिक लेखा समिति

(ग) न्यायिक समिति

(घ) विधायन समिति

(ङ) नगर स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति

(च) सामाजिक विकास समिति

(छ) आर्थिक विकास समिति

(ज) पूर्वाधार विकास समिति

(झ) वन, वातावरण, विपद व्यवस्थापन समिति

(ञ) सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समिति

९. नगरपालिकाको सार्वजनिक सम्पत्तिको वार्षिक विवरण सम्बन्धमा।

१०. विविध प्रस्ताव सम्बन्धमा।

निर्णयहरु:

निर्णय नं. १: आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम छलफल तथा निर्णयार्थ प्रस्तुत गर्ने सम्बन्धमा ।

नगरसभाको १८औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूची बमोजिम नगर प्रमुख श्री बासुदेव थापाद्वारा बैठकमा पेश भएको "आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम" छलफल तथा निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतबाट स्वीकृत भएकोले स्वीकृत उक्त

नीति तथा कार्यक्रम प्रमाणीकरण, अभिलेखीकरण तथा राजपत्रमा प्रकाशनको लागि सचिवालयलाई निर्देशन दिने।

**निर्णय नं. २: आर्थिक वर्ष २०८२/०८३ को आर्थिक विधेयक, २०८२ पेश गर्ने सम्बन्धमा।**

नगरसभाको १८औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूची बमोजिम नगर उप-प्रमुख श्री सरिता तिमसिना भट्टराईद्वारा बैठकमा पेश भएको यस सूर्यविनायक नगरपालिकाको आगामी "आर्थिक वर्ष २०८२/०८३ को आर्थिक विधेयक, २०८२" छलफलको लागि प्रस्तुत प्रस्ताव स्वीकृत गर्दै आवश्यक छलफल गरी नगर सभाको अठारौं अधिवेशनको दोस्रो बैठकमा निर्णयार्थ पेश गर्ने ।

**निर्णय नं. ३: नगर प्रहरी (गठन, सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८२ पेश गर्ने सम्बन्धमा।**

नगरसभाको १८औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूची बमोजिम सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिका संयोजक श्री सानुकाजी कायस्थद्वारा बैठकमा पेश भएको यस सूर्यविनायक नगरपालिकाको "नगर प्रहरी (गठन, सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८२" छलफलको लागि प्रस्तुत प्रस्ताव स्वीकृत गर्दै आवश्यक छलफल गरी नगर सभाको अठारौं अधिवेशनको दोस्रो बैठकमा निर्णयार्थ पेश गर्ने ।

**निर्णय नं. ४: भवन निर्माण (नक्सापास, नियमित तथा अभिलेखीकरण) विधेयक, २०८२ पेश गर्ने सम्बन्धमा।**

नगरसभाको १८औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूची बमोजिम पूर्वाधार विकास समितिका संयोजक श्री शिवराम राउतद्वारा बैठकमा पेश भएको यस सूर्यविनायक नगरपालिकाको "भवन निर्माण (नक्सापास, नियमित तथा अभिलेखीकरण), विधेयक, २०८२" छलफलको लागि प्रस्तुत प्रस्ताव स्वीकृत गर्दै आवश्यक छलफल गरी नगर सभाको अठारौं अधिवेशनको दोस्रो बैठकमा निर्णयार्थ पेश गर्ने ।

**निर्णय नं. ५: नगरपालिकाको केहि ऐन संशोधन गर्न बनेको विधेयक, २०८२ पेश गर्ने सम्बन्धमा।**

नगरसभाको १८औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूची बमोजिम विधायन समितिका संयोजक श्री प्रदिप कार्कीद्वारा बैठकमा पेश भएको यस सूर्यविनायक नगरपालिकाको "सूर्यविनायक नगरपालिकाको केही ऐन संसोधन गर्न बनेको विधेयक, २०८२" छलफलको लागि प्रस्तुत प्रस्ताव स्वीकृत गर्दै आवश्यक छलफल गरी नगर सभाको अठारौं अधिवेशनको दोस्रो बैठकमा निर्णयार्थ पेश गर्ने ।

"सूर्यविनायक नगरपालिकाका केही ऐन संशोधन गर्ने सम्बन्धी विधेयक,२०८२ मा संशोधनको लागि पेश भएका ऐनहरु"

| क्र.सं. | विद्यमान ऐनहरुको नाम | संशोधन |
|---|---|---|
| १ | न्यायिक समिति (कार्यविधिसम्बन्धी) ऐन, २०७५ | प्रथम संशोधन, २०८२ |
| २ | सूर्यविनायक नगरपालिको राजश्व ऐन, २०७६ | प्रथम संशोधन, २०८२ |
| ३ | सूर्यविनायक नगर अस्पतालको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन, २०७७ | प्रथम संशोधन, २०८२ |
| ४ | सूर्यविनायक नगर अस्पताल सन्चालन तथा व्यवस्थापन ऐन, २०७७ | प्रथम संशोधन, २०८२ |
| ५ | उपभोक्ता हकहित संरक्षण ऐन, २०७८ | प्रथम संशोधन, २०८२ |
| ६ | सूर्यविनायक नगरपालिकाको करार सेवामा कर्मचारी व्यवस्थापन ऐन, २०७९ | प्रथम संशोधन, २०८२ |
| ७ | उद्योग व्यवसाय दर्ता तथा सञ्चालन ऐन,२०७९ | प्रथम संशोधन, २०८२ |
| ८ | सूर्यविनायक नगर खेलकुद विकास ऐन,२०८० | प्रथम संशोधन, २०८२ |
| ९ | नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८१ | प्रथम संशोधन, २०८२ |

**निर्णय नं. ६: मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८२/०८३ - २०८४/०८५) MTEF पेश गर्ने सम्बन्धमा।**

नगरसभाको १८औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूची बमोजिम नगरपालिकाका उपप्रमुख श्री सरिता भट्टराईद्वारा तिमसिनाद्वारा बैठकमा पेश भएको सूर्यविनायक नगरपालिकाको "मध्यकालीन खर्च संरचना (MTEF) २०८२/८३-२०८४/८५" छलफलको लागि प्रस्तुत प्रस्ताव स्वीकृत गर्दै आवश्यक छलफल गरी नगर सभाको अठारौं अधिवेशनको दोस्रो बैठकमा निर्णयार्थ पेश गर्ने ।

**निर्णय नं. ७: आर्थिक सर्वेक्षण, २०८१ पेश गर्ने सम्बन्धमा।**

नगरसभाको १८औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूची बमोजिम नगरपालिकाका उपप्रमुख श्री सरिता भट्टराईद्वारा तिमसिनाद्वारा बैठकमा पेश भएको सूर्यविनायक नगरपालिकाको "आर्थिक सर्वेक्षण,२०८१" छलफलको लागि प्रस्तुत प्रस्ताव स्वीकृत गर्दै आवश्यक छलफल गरी नगर सभाको अठारौं अधिवेशनको दोस्रो बैठकमा निर्णयार्थ पेश गर्ने ।

**निर्णय नं. ८: विभिन्न समितिका वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धमा।**

नगरसभाको १८औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूची बमोजिम नगरपालिकाका विभिन्न समिति अन्तर्गतका वार्षिक प्रतिवेदनहरु समितिका संयोजकहरुद्वारा प्रस्तुत देहायका

CS CamScanner

प्रस्ताव स्वीकृत गर्दै आवश्यक छलफल गरी नगर सभाको अठारौं अधिवेशनको दोस्रो बैठकमा निर्णयार्थ पेश गर्ने ।

| क.सं. | प्रतिवेदनहरु | प्रस्तुतकर्ता | निर्णय |
|---|---|---|---|
| क) | राजश्व परामर्श समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री सरिता तिमसिना भट्टराई | प्रस्तुत प्रस्ताव स्वीकृत गर्दै आवश्यक छलफल गरी नगर सभाको अठारौं अधिवेशनको दोस्रो बैठकमा निर्णयार्थ पेश गर्ने। |
| ख) | सार्वजनिक लेखा समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री राजकुमार जोशी | |
| ग) | न्यायिक समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री सरिता तिमसिना भट्टराई | |
| घ) | विधायन समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री प्रदिप कार्की | |
| ङ) | नगर स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति | समितिका संयोजक श्री सरिता तिमसिना भट्टराई | |
| च) | सामाजिक विकास समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री रविन्द्र सापकोटा | |
| छ) | आर्थिक विकास समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री पुष्पराज बस्नेत | |
| ज) | पूर्वाधार विकास समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री शिवराम राउत | |
| झ) | वन, वातावरण, विपद व्यवस्थापन समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री भगवान खत्री | |
| ञ) | सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री सानुकाजी कायस्थ | |

निर्णय नं. ९: नगरपालिकाको सार्वजनिक सम्पत्तिको वार्षिक विवरण सम्वन्धमा।

नगरसभाको १८औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूची बमोजिम सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिका संयोजक श्री सानुकाजी कायस्थद्धारा बैठकमा पेश भएको यस सूर्यविनायक नगरपालिकाको "सार्वजनिक सम्पत्तिको वार्षिक विवरण,२०८२" छलफलको लागि प्रस्तुत प्रस्ताव स्वीकृत गर्दै प्रमाणीकरण तथा खभिलेखीकरणको लागि सचिवालयलाई निर्देशन दिने ।

निर्णय नं. १०: विविध प्रस्ताव सम्वन्धमा।

मिति २०८२/०३/०९ गते संचालन हुने सूर्यविनायक नगरपालिकाको १८ औं नगरसभाको दोस्रो बैठकका लागि तय गरिएको कार्यसूची

| सि.नं. | कार्यक्रम | समय |
| --- | --- | --- |
| १ | क. सूर्यविनायक नगरपालिकाका उपप्रमुख श्री सरिता भट्टराई तिमसिनाले "सूर्यविनायक नगरपालिकाको आर्थिक बर्ष ०८२/०८३ को बार्षिक आय-व्यय विवरण (बजेट)" पेश गर्न अनुमति दिन्छु ।<br>ख. सूर्यविनायक नगरपालिकाका उपप्रमुख श्री सरिता भट्टराई तिमसिनाले "सूर्यविनायक नगरपालिकाको विनियोजन विधेयक, २०८२" पेश गर्न अनुमति दिन्छु | १०:३० बजे |
| २ | सभाध्यक्ष एवं नगर प्रमुख श्री वासुदेव थापाज्यूले मिति २०८२/०३/०६ गते पेश भएका विषयगत समितिका प्रतिवेदन, आर्थिक विधेयक, २०८२, भवन निर्माण (नक्सापास, नियमित तथा अभिलेखीकरण), विधेयक, २०८२, भवन निर्माण (नक्सापास, नियमित तथा अभिलेखीकरण), विधेयक, २०८२, नगर प्रहरी बल (गठन, परिचालन तथा व्यवस्थापन) विधेयक, २०८२ र आज मिति २०८२/०३/०९ गते नगर उपप्रमुखले पेश गर्नु भएको बार्षिक आय-व्यय विवरण (बजेट) तथा विनियोजन विधेयक, २०८२ उपर आफ्नो धारणा राख्न सचिवालयमा नाम टिपाउन ३ मिनेट समय दिनुहुने । | ११:३० बजे |
| ३ | नगर प्रमुख श्री वासुदेव थापाले मिति २०८२/०३/०६ गते सूर्यविनायक नगरपालिकाका उपप्रमुख श्री सरिता भट्टराई तिमसिनाले पेश गर्नु भएको राजस्व परामर्श समितिको प्रतिवेदन, चालु आर्थिक बर्षको हालसम्मको आय-व्यय विवरण, नगरपालिकाको आर्थिक सर्वेक्षण, २०८२, मध्यकालीन खर्च संरचना (MTEF), २०८२, न्यायिक समितिको बार्षिक प्रतिवेदन, अनुगमन तथा सुपरीवेक्षण समितिको बार्षिक प्रतिवेदन र आर्थिक विधेयक, २०८२ सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने । | ११:४५ बजे |
| ४ | सभाध्यक्ष तथा नगर प्रमुख श्री वासुदेव थापाज्यूले मिति २०८२/०३/०६ गते विधायन समितिका संयोजक श्री प्रदिप कार्कीले नगर सभामा पेश गर्नु भएको विधायन समितिको बार्षिक र सूर्यविनायक नगरपालिकाको केही ऐन संसोधन गर्न बनेको विधेयक, २०८२ नगर सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने । | ११:५० बजे |
| ३ | नगर प्रमुख श्री वासुदेव थापाज्यूले मिति २०८२/०३/०६ गते | ११:५५ बजे |

| | | |
|---|---|---|
| | सार्वजनिक लेखा समितिका संयोजक श्री राजकुमार जोशीले सभाको बैठकमा पेश गर्नु भएको समितिको वार्षिक प्रतिवेदन नगर सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने । | |
| ४ | नगर प्रमुख श्री वासुदेव थापाज्यूले मिति २०८२/०३/०६ गते सामाजिक विकास समितिका संयोजक श्री रविन्द्र सापकोटाले नगर सभामा पेश गर्नु भएको समितिको वार्षिक प्रतिवेदन नगर सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने । | १२:०२ बजे |
| ५ | सभाध्यक्ष तथा नगर प्रमुख श्री वासुदेव थापाज्यूले मिति २०८२/०३/०६ गते आर्थिक विकास समितिका संयोजक श्री पुष्पराज बस्नेतले सभाको बैठकमा पेश गर्नु भएको समितिको वार्षिक प्रतिवेदन नगर सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने । | १२:१० बजे |
| ६ | नगर प्रमुख श्री वासुदेव थापाज्यूले मिति २०८२/०३/०६ गते नगर सभामा पूर्वाधार विकास समितिका संयोजक श्री शिवराम राउतले पेश गर्नु भएको सूर्यविनायक नगरपालिकाको "भवन निर्माण (नक्सापास, नियमित तथा अभिलेखीकरण), विधेयक, २०८२" र समितिको वार्षिक प्रतिवेदन नगर सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने । | १२:१५ बजे |
| ७ | नगर प्रमुख श्री वासुदेव थापाज्यूले मिति २०८२/०३/०६ गते नगर सभाको बैठकमा वन, वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक श्री भगवान खत्रीले पेश गर्नु भएको समितिको वार्षिक प्रतिवेदन नगर सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने । | १२:२० बजे |
| ८ | सभाध्यक्ष तथा नगर प्रमुख श्री वासुदेव थापाज्यूले मिति २०८२/०३/०६ गते सभाको बैठकमा सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिका संयोजक श्री सानुकाजी कायस्थले पेश गर्नु भएको सूर्यविनायक नगरपालिकाको नगर प्रहरी बल (गठन, परिचालन तथा व्यवस्थापन) विधेयक, २०८२ र समितिको वार्षिक प्रतिवेन सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने । | १२:२५ बजे |
| ९ | सूर्यविनायक नगरपालिकाका नगर प्रमुख एवं सभाध्यक्ष श्री वासुदेव थापाज्यूले मिति २०८२/०३/०९ गते उप प्रमुख श्री सरिता भट्टराई तिमसिनाले सभाको बैठकमा पेश गर्नु भएको सूर्यविनायक नगरपालिकाको आर्थिक वर्ष ०८२/०८३ को वार्षिक आय-व्यय विवरण (बजेट) तथा विनियोजन विधेयक, २०८२ सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने । | १२:३० बजे |
| १० | नगर प्रमुख श्री वासुदेव थापाज्यूले सूर्यविनायक नगरपालिकाको १८औं नगर सभाको अधिवेशन अन्त्य गर्नुहुने । | १२:३५ बजे |

सूर्यविनायक नगरपालिका, नगरसभाको १८औं अधिवेशनको पहिलो बैठक (मिति २०८२ असार ०९ गते)

प्रस्तावहरु:

१. आर्थिक वर्ष २०८२/०८३ को आर्थिक विधेयक, २०८२ छलफल तथा निर्णयार्थ प्रस्तुत गर्ने सम्बन्धमा।

२. नगर प्रहरी (गठन, सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८२ छलफल तथा निर्णयार्थ प्रस्तुत गर्ने सम्बन्धमा।

३. भवन निर्माण (नक्सापास, नियमित तथा अभिलेखीकरण) विधेयक, २०८२ छलफल तथा निर्णयार्थ प्रस्तुत गर्ने सम्बन्धमा ।

४. नगरपालिकाको केहि ऐन संशोधन गर्न बनेको विधेयक, २०८२ छलफल तथा निर्णयार्थ प्रस्तुत गर्ने सम्बन्धमा।

५. आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम (बजेट वक्तव्य) तथा विनियोजन विधेयक, २०८१ पेश, छलफल तथा निर्णयार्थ प्रस्तुत गर्ने सम्बन्धमा ।

६. मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८२/०८३ - २०८४/०८५) MTEF निर्णयार्थ प्रस्तुत गर्ने सम्बन्धमा।

७. आर्थिक सर्वेक्षण, २०८१ पेश निर्णयार्थ प्रस्तुत गर्ने सम्बन्धमा ।

८. विभिन्न समितिका वार्षिक प्रतिवेदन छलफल तथा निर्णयार्थ प्रस्तुत गर्ने सम्बन्धमा ।

(क) राजश्व परामर्श समिति

(ख) सार्वजनिक लेखा समिति

(ग) न्यायिक समिति

(घ) विधायन समिति

(ङ) नगर स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति

(च) सामाजिक विकास समिति

(छ) आर्थिक विकास समिति

(ज) पूर्वाधार विकास समिति

(झ) वन, वातावरण, विपद व्यवस्थापन समिति

(ञ) सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समिति

९. आर्थिक वर्ष २०८०/०८१ को अन्तिम लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा।

१०. मेलमिलापकर्ताहरुको सूची सम्बन्धमा।

११. आ.व. २०८१/०८२ को दायित्व सरेको भूक्तानी स्वीकृत गर्ने।

१२. आ.व. २०८१/०८२ को योजना तथा कार्यक्रमहरुको फरफारक सम्बन्धमा

१३. विविध प्रस्ताव सम्वन्धमा।

(क) कन्टिन्जेन्सी रकम खर्च सम्वन्धमा।

(ख) निर्णय अनुमोदन गर्ने सम्वन्धमा।

(ग) तलवी प्रतिवेदन सम्वन्धमा।

(घ) गै.स.स. सम्वन्धमा।

(ङ) वैरूजु नियमित सम्वन्धमा

निर्णयहरु:

**निर्णय नं. १: आर्थिक वर्ष २०८२/०८३ को आर्थिक विधेयक, २०८२ छलफल तथा निर्णयार्थ प्रस्तुत गर्ने सम्बन्धमा।**

नगरसभाको १८औं अधिवेशनको यस दोस्रो वैठकको स्वीकृत कार्यसूची वमोजिम नगरसभाको १८औं अधिवेशनको पहिलो वैठकमा नगर उप-प्रमुखवाट छलफलको लागि पेश भएको आर्थिक वर्ष २०८२/०८३ को लागि करका दर तथा दायरा समेटेर तयार भएको आर्थिक विधेयक, २०८२ निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतवाट स्वीकृत भएकोले स्वीकृत उक्त आर्थिक विधेयक, २०८२ प्रमाणीकरण, अभिलेखीकरण तथा राजपत्रमा प्रकाशनको लागि सचिवालयलाई निर्देशन दिने।

**निर्णय नं. २: नगर प्रहरी (गठन, सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८२ पेश गर्ने सम्बन्धमा।**

नगरसभाको १८औं अधिवेशनको यस दोस्रो वैठकको स्वीकृत कार्यसूची वमोजिम नगरसभाको १८औं अधिवेशनको पहिलो वैठकमा सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिका संयोजक श्री सानुकाजी कायस्थद्धारा वैठकमा पेश भएको यस सूर्यविनायक नगरपालिकाको "नगर प्रहरी (गठन, सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८२" निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतवाट स्वीकृत भएकोले स्वीकृत उक्त नगर प्रहरी (गठन, सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८२ प्रमाणीकरण, अभिलेखीकरण तथा राजपत्रमा प्रकाशनको लागि सचिवालयलाई निर्देशन दिने।

**निर्णय नं. ३: भवन निर्माण (नक्सापास, नियमित तथा अभिलेखीकरण) विधेयक, २०८२ पेश गर्ने सम्बन्धमा।**

नगरसभाको १८औं अधिवेशनको यस दोस्रो वैठकको स्वीकृत कार्यसूची वमोजिम नगरसभाको १८औं अधिवेशनको पहिलो वैठकमा पूर्वाधार विकास समितिका संयोजक श्री शिवराम राउतद्धारा वैठकमा पेश भएको यस सूर्यविनायक नगरपालिकाको "भवन निर्माण (नक्सापास, नियमित तथा अभिलेखीकरण), विधेयक, २०८२" निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतबाट स्वीकृत

नामथर: वासुदेव

भएकोले स्वीकृत उक्त भवन निर्माण (नक्सापास, नियमित तथा अभिलेखीकरण), विधेयक, २०८२ प्रमाणीकरण, अभिलेखीकरण तथा राजपत्रमा प्रकाशनको लागि सचिवालयलाई निर्देशन दिने।

**<u>निर्णय नं. ४: नगरपालिकाको केहि ऐन संशोधन गर्न बनेको विधेयक, २०८२ पेश गर्ने सम्बन्धमा।</u>**

नगरसभाको १८औं अधिवेशनको यस दोस्रो बैठकको स्वीकृत कार्यसूची बमोजिम नगरसभाको १८औं अधिवेशनको पहिलो बैठकमा विधायन समितिका संयोजक श्री प्रदिप कार्कीद्वारा बैठकमा पेश भएको यस सूर्यविनायक नगरपालिकाको "सूर्यविनायक नगरपालिकाको केही ऐन संशोधन गर्न बनेको विधेयक, २०८२" निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतबाट स्वीकृत भएकोले स्वीकृत उक्त सूर्यविनायक नगरपालिकाको केही ऐन संशोधन गर्न बनेको विधेयक, २०८२ प्रमाणीकरण, अभिलेखीकरण तथा राजपत्रमा प्रकाशनको लागि सचिवालयलाई निर्देशन दिने।

"स्वीकृत भएको सूर्यविनायक नगरपालिकाका केही ऐन संशोधन गर्ने सम्बन्धी विधेयक, २०८२ मा संशोधन भएका ऐनहरु"

| क.सं. | संशोधित ऐनहरुको नाम | संशोधन | निर्णय |
|---|---|---|---|
| १ | न्यायिक समिति (कार्यविधिसम्बन्धी) ऐन, २०७५ | प्रथम संशोधन, २०८२ | संशोधन स्वीकृत गर्ने र प्रमाणीकरण, अभिलेखीकरण तथा राजपत्रमा प्रकाशनको लागि |
| २ | सूर्यविनायक नगरपालिको राजश्व ऐन, २०७६ | प्रथम संशोधन, २०८२ | |
| ३ | सूर्यविनायक नगर अस्पतालको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन, २०७७ | प्रथम संशोधन, २०८२ | |
| ४ | सूर्यविनायक नगर अस्पताल सन्चालन तथा व्यवस्थापन ऐन, २०७७ | प्रथम संशोधन, २०८२ | |
| ५ | उपभोक्ता हकहित संरक्षण ऐन, २०७८ | प्रथम संशोधन, २०८२ | |
| ६ | सूर्यविनायक नगरपालिकाको करार सेवामा कर्मचारी व्यवस्थापन ऐन, २०७९ | प्रथम संशोधन, २०८२ | |
| ७ | उद्योग व्यवसाय दर्ता तथा सञ्चालन ऐन, २०७९ | प्रथम संशोधन, २०८२ | |
| ८ | सूर्यविनायक नगर खेलकुद विकास ऐन, २०८० | प्रथम संशोधन, २०८२ | |
| ९ | नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८१ | प्रथम संशोधन, २०८२ | |

निर्णय नं. ५: आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम (बजेट वक्तव्य) तथा विनियोजन विधेयक, २०८१ पेश, छलफल तथा निर्णयार्थ प्रस्तुत गर्ने सम्बन्धमा ।

नगरसभाको १८औं अधिवेशनको यस दोस्रो बैठकको स्वीकृत कार्यसुची बमोजिम नगरसभाको यस बैठकमा नगर उप-प्रमुखबाट छलफल तथा निर्णयको लागि पेश भएको सूर्यविनायक नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्न र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक, २०८२ तथा वार्षिक बजेट तथा कार्यक्रम (बजेट वक्तव्य) निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतबाट स्वीकृत भएकोले स्वीकृत उक्त विनियोजन विधेयक, २०८२ तथा बजेट वक्तव्य प्रमाणीकरण, अभिलेखीकरण तथा राजपत्रमा प्रकाशनको लागि सचिवालयलाई निर्देशन दिने।

निर्णय नं. ६: मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८२/०८३ - २०८४/०८५) MTEF पेश गर्ने सम्बन्धमा।

नगरसभाको १८औं अधिवेशनको यस दोस्रो बैठकको स्वीकृत कार्यसूची बमोजिम नगरसभाको १८औं अधिवेशनको पहिलो बैठकमा नगरपालिकाका उपप्रमुख श्री सरिता भट्टराईद्वारा तिमसिनाद्वारा बैठकमा पेश भएको सूर्यविनायक नगरपालिकाको "मध्यकालीन खर्च संरचना (MTEF) २०८२/८३-२०८४/८५" निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतबाट स्वीकृत भएकोले स्वीकृत उक्त मध्यकालीन खर्च संरचना (MTEF) २०८२/८३-२०८४/८५ प्रमाणीकरण, अभिलेखीकरण तथा प्रकाशनको लागि सचिवालयलाई निर्देशन दिने।

निर्णय नं. ७: आर्थिक सर्वेक्षण, २०८१ पेश गर्ने सम्बन्धमा।

नगरसभाको १८औं अधिवेशनको यस दोस्रो बैठकको स्वीकृत कार्यसूची बमोजिम नगरसभाको १८औं अधिवेशनको पहिलो बैठकमा नगरपालिकाका उपप्रमुख श्री सरिता भट्टराईद्वारा तिमसिनाद्वारा बैठकमा पेश भएको सूर्यविनायक नगरपालिकाको "आर्थिक सर्वेक्षण,२०८१" निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतबाट स्वीकृत भएकोले स्वीकृत उक्त आर्थिक सर्वेक्षण,२०८१ प्रमाणीकरण तथा अभिलेखीकरणको लागि सचिवालयलाई निर्देशन दिने।

निर्णय नं. ८: विभिन्न समितिका वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धमा।

नगरसभाको १८औं अधिवेशनको यस बैठकको स्वीकृत कार्यसूची बमोजिम नगरपालिकाका विभिन्न समिति अन्तर्गतका वार्षिक प्रतिवेदनहरु समितिका संयोजकहरुद्वारा प्रस्तुत देहायका प्रस्ताव स्वीकृत गर्दै आवश्यक छलफल गरी नगर सभाको अठारौं अधिवेशनको दोस्रो बैठकमा निर्णयार्थ पेश गर्ने ।

*सूर्यविनायक नगरपालिका, नगरसभाको १८ औं अधिवेशनको पहिलो बैठक (मिति २०८२ असार ०९ गते)*

| क.सं. | प्रतिवेदनहरु | प्रस्तुतकर्ता | निर्णय |
|---|---|---|---|
| क) | राजश्व परामर्श समितिको आ.व २०८१/८२ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री सरिता तिमसिना भट्टराई | प्रस्तुत प्रस्ताव स्वीकृत गर्दै आवश्यक छलफल गरी नगर सभाको अठारौं अधिवेशनको दोस्रो बैठकमा निर्णयार्थ पेश गर्ने। |
| ख) | सार्वजनिक लेखा समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री राजकुमार जोशी | |
| ग) | न्यायिक समितिको आ.व २०८१/८२ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री सरिता तिमसिना भट्टराई | |
| घ) | विधायन समितिको आ.व २०८१/८२ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री प्रदिप कार्की | |
| ङ) | नगर स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति | समितिका संयोजक श्री सरिता तिमसिना भट्टराई | |
| च) | सामाजिक विकास समितिको आ.व २०८१/८२ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री रविन्द्र सापकोटा | |
| छ) | आर्थिक विकास समितिको आ.व २०८१/८२ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री पुष्पराज बस्नेत | |
| ज) | पूर्वाधार विकास समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री शिवराम राउत | |
| झ) | वन, वातावरण, विपद व्यवस्थापन समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री भगवान खत्री | |
| ञ) | सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन | समितिका संयोजक श्री सानुकाजी कायस्थ | |

**निर्णय नं. ९: आर्थिक वर्ष २०८०/०८१ को अन्तिम लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा।**

महालेखापरीक्षकको कार्यालयबाट डोर खटिइ गरिएको अन्तिम लेखापरीक्षण अनुसार प्राप्त यस नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अन्तिम लेखापरीक्षण प्रतिवेदन यस बैठकमा पेश भइ छलफल भयो । महालेखापरीक्षकको कार्यालयले दिएका सुझावहरुलाई ग्रहण गर्दै सुझावलाई कार्यान्वयन गर्न कार्यपालिकालाई निर्देशन दिने।

**निर्णय नं. १०: मेलमिलापकर्ताहरुको सूची पेश सम्बन्धमा।**

यस नगरपालिकाको न्यायिक समिति अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ को लागि मेलमिलापकर्ताहरुको सूची यस बैठकमा पेश भइ छलफल भयो। पेश भएको मेलमिलापकर्ताहरुको सूची स्वीकृत गर्ने ।